स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



डान्सर आश्मा विश्वकर्मा यतिबेला सामाजिक सञ्जालमा पुनः चर्चामा छिन्। उनले ल्याउने हरेक डान्स सोसल मिडियामा भाइरल हुन्छन्। यसपटक भने, "पपका राजा" माइकल ज्याक्सनलाई समर्पित गर्दै उनले ल्याएको कभर डान्स भिडियो चर्चामा छ। ज्याक्सनको चर्चित गीत "बिली जिन" माथि उनले कभर डान्स भिडियो बनाएकी हुन्।

आजको विचार...



बिनु सुवेदी

हजार... (दुई पेजमा)



पाँचौ संस्करणको ग्रामीण चलचित्र महोत्सव सर्लाहीमा सम्पन्न भएको छ। तीन दिनसम्म चलेको महोत्सवमा १७ फिल्म प्रदर्शन गरिएको थियो। कार्यक्रममा विभिन्न जातजातिका पारम्परिक पहिरनसहितको झाँकी प्रस्तुत गरिएको थियो। विभिन्न संवाद कार्यक्रम पनि आयोजना गरिएका थिए। सेलिब्रेटी नेपालका अध्यक्ष रघुनाथ सापकोटाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथिका रुपमा चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डीसी सहभागी थिए।

❒ वर्ष ३१ ❒ अंक २७३ ❒ २०८३ बैशाख १९ गते शनिबार 2 May 2026, saturday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### आणविक मुद्दामा इरान अडिग, तनाव चुलिँदै

(रासस/एपी)

**दुबई,** वैशाख १८/क्षेत्रीय तनाव चर्किँदै जाँदा इरानका सर्वोच्च नेताले देशको आणविक तथा क्षेप्यास्त्र क्षमतामा कुनै सम्झौता नगर्ने स्पष्ट सन्देश दिएका छन् । अमेरिकी दबाब र युद्धविरामको अनिश्चित अवस्थाबीच आएको यो अभिव्यक्तिलाई इरानले आफ्नो रणनीतिक अडान अझ कडा बनाएको सङ्केतका रूपमा हेरिएको छ । राज्य टेलिभिजनमार्फत सार्वजनिक गरिएको वक्तव्यमा अयातुल्ला मोजताबा खमेनीले इस्लामिक गणतन्त्रका वैज्ञानिक, प्राविधिक र सैन्य क्षमताहरू राष्ट्रिय पहिचानसँग जोडिएको बताउँदै तिनको संरक्षण अपरिहार्य रहेको उल्लेख गरे । उनले पर्सियन खाडी क्षेत्रमा अमेरिकी उपस्थितिमाथि कटाक्ष गर्दै त्यहाँको अवस्थालाई 'इतिहासको नयाँ अध्याय' का रूपमा व्याख्या गरे । आफ्नो बुबाको हवाई आक्रमणमा मृत्यु भएपछि सर्वोच्च नेतृत्व सम्हालेका खमेनी हालसम्म सार्वजनिक रूपमा देखा परेका छैनन् । देशको अर्थतन्त्र अमेरिकी नाकाबन्दीका कारण दबाबमा परेको बेला इरानको यस्तो अडान आएको हो । अमेरिकी नौसेनाले इरानी तेल ट्याङ्करहरूको आवागमन रोकेपछि निर्यात प्रभावित भएको छ भने विश्व बजारमा तेल आपूर्ति अस्थिर बनेको छ ।

# तानसेनमा निकालियो ३८० वर्ष पुरानो 'माण्डव्य ऋषिको रथयात्रा'

रामचन्द्र रायमाझी

**पाल्पा,** वैशाख १८/जिल्लाको तानसेन नगरपालिका -९ दमकडामा माण्डव्य ऋषिको रथ यात्रा निकालिएको छ । वैशाख पूर्णिमाका दिन शुक्रबार ३८० वर्ष पुरानो माण्डव्य ऋषिको चौथौं रथ यात्रा निकालिएको हो ।

रथयात्रा तिन्टीआप, दमकडा र अम्लेयान क्षेत्रमा घुमाईएको थियो । रथ यात्राको क्रममा स्थानीय भजन, किर्तन, पञ्चेबाजा, ब्याण्ड बाजा सहित संघ संस्था, टोल विकास संस्था,स्थानीय आमा समूहको सहभागिता रहेको थियो । माण्डव्य क्षेत्र उत्थान प्रतिष्ठानका तानसेनको आयोजना र तानसेन नगरपालिका-९ वडा कार्यालयको सह आयोजनामा रथ यात्रा निकालिएको हो । माण्डव्य ऋषिको योगदानलाई जनमासमा पुऱ्याउन र बैदिक परम्परागत कला संस्कृति जोगाउन रथयात्रा निकाल्ने गरिन्छ । मन्दिर स्थापना भएको ३ सय ७७





वर्ष पुरा भएको अवसरमा पहिलो पटक यहाँ रथयात्रा निकालिएको थियो । रथयात्रा तिन्टीआप, दमकडा र अम्लेयान क्षेत्रमा घुमाईएको थियो । रथ यात्राको क्रममा स्थानीय भजन, किर्तन, पञ्चेबाजा, ब्याण्ड बाजा सहित संघ संस्था, टोल विकास संस्था,स्थानीय आमा समूहको सहभागिता रहेको थियो । माण्डव्य ऋषिको योगदानलाई जनमासमा पुऱ्याउन र बैदिक परम्परागत कला संस्कृति जोगाउन विगत चार वर्षदेखि रथयात्रा निकाल्न थालिएको माण्डव्य क्षेत्र उत्थान प्रतिष्ठानका अध्यक्ष पुरुषोत्तम अर्यालले बताए । छ हजार वर्ष अगाडि माण्डव्य ऋषिले तपस्या गरेको तपोभूमि भएकाले यसको धार्मिक तथा ऐतिहासिक महत्व रहेको उनको भनाई छ । रथलाई विगतमा जस्तै उत्साहजनरुपमा निकालिएको प्रतिष्ठानका सदस्य लोकनाथ अधिकारीले बताए । उनका अनुसार यो मन्दिर १७०३ मा स्थापना गरिएको थियो । पुरानो र ऐतिहासिक, धार्मिक सम्पदाको रुपमा रहेको यो मन्दिरको प्रचार-प्रसार नहुँदा भने ओझेलमा परेको छ । मन्दिरको आफ्नै महत्व र इतिहास रहे पनि सम्बन्धित निकायले चासो नदिदा भने ओझेलमा पर्न गएको हो । स्थानीय धार्मिक, सांस्कृति, पर्यटकीय सम्पदाको संरक्षण गर्ने दायित्व स्थानीय सरकारको रहेपनि विगतका स्थानीय सरकारले यस्ता सम्पदाप्रति वेवास्ता गर्दा ओझेलमा परेका हुन् । अहिलेको स्थानीय सरकारले भने माण्डव्य ऋषिको मन्दिरको प्रचार-प्रसारमा केही चासो देखाएको छ । जिल्लाको तानसेन नगरपालिका-९ दमकडामा पर्ने यो मन्दिरको प्रचार-प्रसार गरी धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने उद्देश्य राखेर तानसेन नगर सरकार र वडा कार्यालयले चासो देखाएका छन् । *-बाँकी अन्तिम पेजमा...*

## रोल्पा जिप दुर्घटना : मृतक २० जनाकै पहिचान

**दाङ,** वैशाख १८/रोल्पामा बिहीबार जिप दुर्घटनामा परी मृत्यु भएका सबैको सनाखत भएको छ । जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी निरीक्षक सुनिल थापा नेपालीका अनुसार मृत्यु हुनेमा रुकुम पूर्व सिस्ने गाउँपालिका-५ टाकुराका ३२ वर्षीय गोर्ख बुढाथोकी, ५३ वर्षीया तिलकुमारी बुढाथोकी, २८ वर्षीय युवा बिसी, १० वर्षीय दिव्यन बिसी, २४ वर्षीया सृजना बुढाथोकी, १३ वर्षीय सुदीप बुढाथोकी र ४० वर्षीया ओमकुमारी बुढाथोकी रहेका छन् ।

त्यसैगरी दाङको घोराही उपमहानगर-१६ रतनपुर बस्ने ५४ वर्षीया ङ्गौपति जिसी, ३२ वर्षीया तिला जिसी, सात वर्षीय जेनिस जिसी, १२ वर्षीया जेनिसा जिसी, सात वर्षीय संयोग जिसी, २५ वर्षीया एलिना जिसी, उमेर नखुलेका लमजुङका यमबहादुर जिसी र घोराही-१३ बस्ने धनमाया बिष्ट रहेका छन् । त्यस्तै, दाङ शान्तिनगर गाउँपालिका स्थायी घर भई हाल रुकुम सिस्ने–५ बस्ने जिप चालक ४२ वर्षीय बेदबहादुर विक, सिस्ने–५ की ६० वर्षीया मीना कामी र ६० वर्षीया लक्ष्मी शाह, रुकुम पूर्वकै भूमे गाउँपालिका–५ का टेकप्रसाद बस्नेत र सिस्ने ५ कै २७ वर्षीया रुक्मिणा बस्नेत रहेका छन् । दुर्घटनास्थल अत्यन्तै अप्ठेरो भौगोलिक क्षेत्रमा रहेकाले उद्धार तथा शव निकाल्न केही ढिलाइ भएको प्रहरीले जनाएको छ । रुकुम पूर्वबाट रोल्पाको थबाङ गाउँपालिकाको जलजलातर्फ जाँदै गरेको लु१ज ४१६७ नम्बरको जिप बिहीबार दिउँसो ३:०० बजे रोल्पाको थबाङ गाउँपालिका-१ सल्याप भन्ने ठाउँमा भिरबाट ८०० मिटर तल खसेर दुर्घटना भएको थियो । जिपमा चालकसहित २१ जना सवार रहेका थिए । तीमध्ये २० जनाको घटनास्थलममा नै मृत्यु भएको थियो । मृतक सबैको शवपरीक्षणका लागि थबाङस्थित आधारभूत अस्पतालमा ल्याइएको छ । छतमा बसेका रुकुम पूर्व सिस्ने गाउँपालिका-५ टाकुराका ३२ वर्षीय समीर कामी मात्रै जीवित रहेका छन् ।उनले जिप दुर्घटना हुन लाग्दा छतबाट हामफालेर रूखको जरामा समातिँदै ज्यान जोगाएका हुन् । उनको थबाङ आधारभूत अस्पतालमा समान्य उपचारपछि थप उपचारका लागि गएराति पूर्वी रुकुम अस्पतालमा लगिएकामा अहिले उनलाई अस्पतालले घर पठाएको छ । *-बाँकी अन्तिम पेजमा...*

## मनाइयो बुद्धजयन्ती : बालबालिकालाई कल्पबृक्ष दानले बनायो खुसी

कृष्ण पोखरेल

**तानसेन,** बैशाख १८/शुक्रबार २५७० औं बुद्ध जयन्ती पाल्पासहित देशैभर मनाइएको छ । देशका विभिन्न बौद्ध तिर्थ स्थलहरुमा बुद्ध सम्बन्धी विभिन्न कार्यक्रम गरी बुद्ध जयन्ती मनाइएको हो ।

पाल्पाको तानसेनमा धर्मचक्र बौद्ध युवा संघले कल्पबृक्ष दान गरी बालबालिकाहरुलाई खुसी बनाउँदै बुद्ध जयन्ती मनाएको छ । कल्पबृक्ष दान पाएका बालबालिकाहरु खुसीले रमाउदै बुद्धको स्मरण गरेका छन् । उनीहरुले कल्पना गरे अनुसारको भौतिक बस्तुहरु, कल्पबृक्ष दान कार्यक्रमबाट प्राप्त गरे । बौद्ध पूर्णिमाको अवसरमा धर्मचक्र बौद्ध युवा संघ, धर्म चक्र महाविहार तानसेन पाल्पाले १२ बर्ष सम्मका बालबालिकाहरुलाई कल्पबृक्ष दानमा सहभागी गराएको थियो । दानविरहरुबाट प्राप्त दानहरु चिट्ठा



प्रणालीबाट संघले बालबालिकाहरुलाई वितरण गरेको हो । बालबालिकाहरु दान पाएपछि निकै खुसी भएका छन् । धर्मचक्र बौद्ध युवा संघले विगत ४ बर्षदेखी कल्पबृक्ष दान कार्यक्रम सञ्चालन गर्दै आएको अध्यक्ष बसन्तलाल बज्राचार्यले बताए । बुद्ध धर्ममा दान गर्नु निकै ठूलो पुन्य मानिन्छ । शुद्ध मनले गरिएको दान निकै पवित्र मानिन्छ । दान गर्नु नै अर्को पक्षलाई सहयोग गर्नु सरह हो । बालबालिकाहरु नै शुद्ध मनका हुन्छन् । संस्थाले शुद्ध मनका बालबालिकाहरुलाई छनोट गरेर प्रत्येक बर्ष बुद्ध पूर्णिमाको दिन कल्पबृक्ष दान गर्दै आएको छ । दानविरबाट उठाएको दानहरुको व्यवस्था गरी बालबालिकाहरुलाई वितरण गर्नको लागि बौद्ध युवा संघ धर्मचक्र विहार पाल्पा विगत केही हप्ता देखी नै काम गर्दै आएको छ । बालबालिकाले कापी, कलम लगायतका स्टेशनरी, खेलकुदका सरसमान, दैनिक उपभोग्य बस्तु तथा लत्ता कपडा, खानेकुरा, सुन चाँदीका गरगहनासहित ५ रुपैयाँ देखी २० सम्मका नोटहरुको माला समेत कल्पबृक्ष दानमा पाएका छन् । सबै पक्षको सहयोग र सहकार्यबाट कल्पबृक्ष जस्तो महादान कार्यक्रम गर्न सफल भएको यसले बालबालिकाहरुमा बुद्ध शिक्षाको भावनामा बृद्धि भएको कल्पबृक्ष दान कार्यक्रम संयोजक दिप्ती शाक्य बज्राचार्यले बताईन् । बौद्ध भिक्षुहरुलाई विभिन्न पक्षबाट दान प्राप्त हुने गर्दछ । दान प्राप्त गर्न विहानै देखी बालबालिका तथा अभिभावकहरु लाईनमा बसेका थिए । *-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## श्रमिक दिवसमा श्रमका कुरा

**अन्तर्राष्ट्रिय श्रमिक दिवस शुक्रबार नेपालसहित विश्वभर मनाइएको छ । हरेक वर्ष मे १ तारिखमा यो दिवस मनाउने गरिएको हो । नेपालले सन् १९६३ देखि अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाउँदै आएको छ । सन् १८८६ मा अमेरिकाको सिकागोमा आठ घण्टा काम, आठ घण्टा आराम र आठ घण्टा मनोरञ्जनको माग राख्दै शुरु भएको आन्दोलनको सम्झनामा श्रमिक दिवस मनाउन थालिएको हो । दिवसका दिन श्रमका कुरा गरिन्छ तर त्यसले सार्थकता प्राप्त भने गर्न सकिरहेको छैन् । औपचारिकता र कर्मकाण्डी ढंगले दिवसहरू मनाउने प्रचलनले श्रमिकको मर्म र भावनामा ठेस पुग्ने गरेको छ । नेपालको संविधानले श्रमिकको हकलाई मौलिक हकको रूपमा रोजगारी सम्बन्धी हकको व्यवस्था गरेको छ । तर अझै पनि नेपाललगायत कतिपय देशमा श्रमिकको अवस्था नाजुक छ । यो अत्यन्त दुखको कुरा हो । नीतिगत रुपमा केही राम्रो देखिए पनि कार्यान्वयन तहमा श्रमिकहरु चर्को शोषणमा बाच्न बाध्य छन् । नेपालको संविधान अनुसार श्रमिक भन्नाले पारिश्रमिक लिई रोजगारदाताका लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार वा मजदुर हुन् । श्रमिकहरू राष्ट्र निर्माणका धरोहर हुन् । देशको आर्थिक विकासका मेरुदण्ड हुन् । तर तिनै श्रमिकको राजनीतिक दल र सरकारी तवरबाटै अपमान गरिएको छ । कारखानामा काम गर्ने मजदुर हुन् वा चिया बगानमा काम गर्ने मजदुर हुन् वा विदेशको भूमिमा रगत र पसिना बगाएर देशको अर्थतन्त्रलाई मजबुत बनाउने मजदुर हुन् अथवा सत्य तथ्य घटना उजागर गरी समाज परिवर्तनलाई गति दिने श्रमजीवी पत्रकार हुन् वा सार्वजनिक प्रशासन सञ्चालन गर्ने कर्मचारीतन्त्र नै किन नहुन् सबैको योगदान मजदुर आन्दोलनको रूपमा अतुलनीय छ भन्ने कुरामा नेपालको राजनीतिको बागडोर सम्हालेका नेतृत्वगणले बुझ्न आवश्यक छ ।**

**प्रत्येक वर्ष श्रमिक दिवस मनाइरहँदा श्रमिकको पेशागत हित र उनीहरूको जीवनस्तर उँभो लगाउने निश्चित योजना प्रस्तुत गर्नुको साटो श्रमिक दिवसलाई राजनीति गर्ने प्रयोगशालाको रूपमा उपयोग गर्दा श्रमिकको वास्तविक समस्याको समाधान हुनसकेको छैन । श्रम ऐन, ट्रेड युनियन ऐन, निजामती कर्मचारीको व्यवस्थापन गर्ने निजामती सेवा ऐन समयानुकूल रूपमा व्यवस्थित हुनसकेको छैन । मुलुकमा आम श्रमिकले उचित सम्मान पाइनसकेको अवस्था छ । राज्यको संविधानले प्रदान गरेको सम्मानपूर्वक बाँच्न पाउने मौलिक हक श्रमिक वर्गको लागि पनि हो भन्ने कुरा चारैतिर स्थापित हुनु आवश्यक छ । मुलुकमा लामो संघर्ष र प्रयासपश्चात् प्राप्त भएको श्रमिक अधिकारको संरक्षण र संवर्द्धन हुनु आवश्यक छ । नांगो शरीर र भोको पेटले काम गरियो भने अपेक्षित नतिजा आउँदैन । श्रमिक खुसी भए मालिकको जय गर्छन् भन्ने तथ्यलाई सरकार र समाजले हेक्का राख्नुपर्छ र सबै पक्षको खुसीमै राष्ट्रको सर्वतोमुखी समृद्धि सम्भव छ ।**

### Opinion @ Social Network

भाग्यमा जे लेखिएको छ,शान्त भएर सहेर भोग्नु पर्छ
जिवनमा हासो भन्दा आसु धेरै भएपनि टुटेर होइन बुझेर अघि बढ्नुपर्छ।
*(मनिषा आलेको फेसबुक स्टाटसबाट www.facebook.com/Manisha.Ale)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# हजार माइलको निरंकुशता एकै पाइलाबाट सुरु हुन्छ



## बिनु सुवेदी

जनताले परिवर्तन चाहेका छन्, सायद नेताहरूले पनि ! तर जनताले चाहेको र नेताले चाहेको परिवर्तनको स्वरूप र शैली एउटै हो ? यदि यो समय निर्वाचन घोषणा गरेको दिनदेखि गत फागुन २१ सम्मको हुन्थ्यो भने 'हो' भन्न सकिन्थ्यो । पार्टी र नेताहरू जुन लयमा हिँडे पनि उनीहरूले सुनाउने निष्कर्ष समाजिक संरचनाको सबैभन्दा पिँधमा रहेका जनताका पक्षमा थिए । यो चुनावमा जसले जनतालाई कन्भिन्स गर्न सके तिनै जनताका नेता बने । राजनीतिक शक्तिको स्वरूप स्वाट्टै उल्टियो, सडकमा हुनेहरू सत्तामा पुगे, सत्तामा तीसौं वर्षदेखि राइँदाइँ गरेकाहरू सडकमा ओर्लिए । शासकीय दृष्टिकोणबाट हेर्दा भएको परिवर्तन जम्माजम्मी यत्ति नै हो । तर यो परिवर्तनको उद्देश्य केवल एउटा शक्तिलाई अर्को शक्तिले विस्थापन गर्नु थिएन । विभिन्न अपेक्षाहरूमध्ये मुख्य अपेक्षा त ट्र्याक बाहिर गएको राजनीतिलाई ट्र्याकमा ल्याउनु थियो । वर्षौंदेखि सञ्चित असन्तुष्टि, भ्रष्टाचारप्रतिको वितृष्णा, कमजोर सेवा प्रवाह र राजनीतिक नेतृत्वप्रतिको घट्दो विश्वासले जनमतलाई यस्तो दिशातिर धकेल्यो जहाँ नयाँ अनुहारलाई विकल्पका रूपमा सजिलै स्वीकार गरियो । तर यो स्वीकारोक्ति विश्वासको भन्दा बढी अस्वीकारको परिणाम थियो । हामीले गत निर्वाचनभन्दा पहिले साक्षात्कार गरेका मतदातहरूले भनेका थिए- पुरानाले गरेनन्, नयाँलाई हेरौं । तर उनीहरूले हामीलाई भनेका थिएनन् कि पुरानाले गरेनन्, नयाँले गर्छन् । जनताले शंकासहित गरेको अपेक्षालाई विश्वासमा परिणत गर्न नेतृत्वमा पुगेकाहरूले अधिकतम मिहिनेत गर्नुपर्ने हो । तर यही मनोविज्ञान बुझ्न नसक्दा लोकतन्त्र बारम्बार संकटमा पर्छ । यसका बाछिटाहरू देखिन थालेका पनि छन् । हाम्रो पछिल्लो राजनीतिक परिवर्तन घटनाको शृङ्खला मात्रै थिएन । जनमतको मनोविज्ञान, नेतृत्वको शैली र लोकतान्त्रिक संस्थाहरूको बिग्रिएको स्वास्थ्य अवस्था मुख्य कारक थिए । त्यसैले परिवर्तनको माग बलियो थियो, त्यही एजेन्डाले जित्यो पनि । धेरै संकेतहरूले देखाउँछन्, नयाँ शक्तिहरूको उदय मुख्यत: पुराना दलप्रतिको गहिरो वितृष्णाबाट सम्भव भयो । यस्तो अवस्थामा जनादेश सकारात्मक विश्वासको भन्दा 'नकारात्मक अस्वीकार' को रूप हुन्छ । यही बिन्दुमा लोकतन्त्रको परीक्षा सुरु हुन्छ, किनकि आक्रोशले ढोका खोल्छ, तर संस्थागत विवेकले मात्र घर बनाउँछ । रास्वपा र प्रधानमन्त्री बालेन शाहको उभार यही आक्रोशको तरंगमाथि सवार भएर आएको हो । जनताले उनीहरूलाई नयाँ भन्दै समर्थन गरे पनि त्यो समर्थन नीतिगत बहस र संस्थागत खाकामाथिको भरोसाबाट कति आएको थियो भन्ने प्रश्नको जवाफ खोज्न अझै बाँकी छ । सायद आउँदो समयले यस प्रश्नको जवाफ विवेचनासहित देला । यद्यपि, हामीले यति चाहिँ भन्न सक्छौं- समर्थनको ठूलो हिस्सा पुराना शक्तिहरूलाई दण्ड दिन चाहने भावनाबाट नै प्रेरित थियो । यसलाई राजनीतिक भाषामा 'नेगेटिभ म्यान्डेट' पनि भनिन्छ, जहाँ मत कसैलाई जिताउनभन्दा पनि कसैलाई हराउनका लागि दिइन्छ । यस्तो जनादेशले तत्काल ऊर्जा दिन्छ, तर स्थायित्वको ग्यारेन्टी गर्दैन । फ्रान्सेली राजनीतिक चिन्तक अलेक्सिस दे टकभिलले आफ्नो प्रसिद्ध कृति Democracy in America -१८३५-१८४०) मा लोकतन्त्रको शक्ति र सीमाबारे गहिरो विश्लेषण प्रस्तुत गरेका थिए । जुन अहिलेको नेपाली राजनीतिक चरित्रसँग मिल्दोजुल्दो देखिन्छ । टकभिलले विशेषगरी 'बहुमतको निरंकुशता' भन्ने अवधारणामा भनेका छन् यदि बहुमतको शक्ति संस्थागत नियन्त्रण, कानुनी सन्तुलन र आलोचनात्मक सार्वजनिक बहसबिना प्रयोग हुन थाल्यो भने त्यसले स्वतन्त्रतालाई नै कमजोर बनाउन सक्छ । उनका अनुसार लोकतन्त्रमा बहुमत शक्तिशाली अवश्य हुन्छ, तर यदि त्यसलाई नियमन गर्ने संस्थाहरू, नियमहरू र नागरिक चेतना बलिया भएनन् भने बहुमत आफैं निरंकुश बन्न सक्छ । बहुमतको शक्ति संस्थागत नियन्त्रणबिना चल्यो भने त्यो स्वतन्त्रतामाथि नै भारी पर्न सक्छ । अनि आक्रोशबाट बनेको बहुमतले यदि व्यक्तिलाई संस्थाभन्दा माथि राख्यो भने खतरा सानोतिनो संकेतबाट देखिन थाल्छ । उसो त राष्ट्रिय स्वतन्त्र पार्टी र प्रधानमन्त्री बालेन शाहको उदयलाई धेरैले 'नयाँ युगको सुरुवात' भनेर व्याख्या गरे । तर यथार्थमा त्यो समर्थन उनीहरूको नीति र संस्थागत दृष्टिकोणभन्दा बढी पुराना दलहरूप्रतिको आक्रोशबाट जन्मिएको थियो । जनताले विकल्प रोजे, तर त्यो विकल्पप्रतिको भरोसाभन्दा पुरानाप्रतिको अस्वीकार बढी बलियो थियो । सायद यो पनि लोकतन्त्रमाथि खतराकै संकेत हो । लोकतन्त्रमा सबैभन्दा ठूलो खतरा तब आउँछ जब जनताले स्वतन्त्रताभन्दा तात्कालिक सन्तुष्टिलाई प्राथमिकता दिन्छन् । हामीकहाँ जनताले तत्काल परिवर्तनको चाहनामा नयाँ नेतृत्वलाई स्वीकार गरे, तर त्यो स्वीकारोक्ति आलोचनात्मक परीक्षणबाट भएको थिएन । यसले समयभन्दा पहिले नै हाम्रा प्रधानमन्त्री बालेन शाह र उनी आवद्ध पार्टी रास्वपालाई पुलपुल्याएको छ । यही कारण पनि आजको राजनीतिक समर्थन स्थिर होइन र चाँडै बदलिने सम्भावना छ । हो यो समर्थनलाई यथास्थितिमा राख्न पनि सकिन्छ, यो समर्थनलाई जुगौं जुगसम्म तन्काउन पनि सकिन्छ । तर त्यसका लागि सबैभन्दा पहिले जनताको विश्वास जित्नुपर्छ र अझ परम्परागत राज्य संरचनाले सबैभन्दा पुछारमा पारेका जनताको माया पाउनुपर्छ । किनभने, कुनै पनि शासन नेताको व्यक्तित्व, जनताको विश्वास अनि कानुनी र संस्थागत वैधताकै आधारमा दीर्घकालीन हुन्छ । नेपालमा अहिले नयाँ नेतृत्वको उदय व्यक्तित्वमा आधारित हो । जनताले व्यक्तिको साहस, बोली र शैलीलाई समर्थन गरेका हुन् । तर राजनीतिकशास्त्रीहरूको पुराना अध्ययनअनुसार व्यक्तित्वमा आधारित रहेर जनताले दिएको वैधता दीर्घकालीन हुँदैन, जबसम्म त्यो संस्थागत वैधतामा रूपान्तरण हुँदैन । यदि संस्थालाई बलियो नबनाई व्यक्तिलाई मात्र बलियो बनाइयो भने, त्यो लोकतन्त्रको स्थायित्वका लागि खतरा बन्छ । किनभने, शक्ति त्यतिबेला मात्रै टिक्छ जब नागरिकले त्यसलाई स्वेच्छाले स्वीकार गर्छन् । तर जब शक्ति केवल व्यक्तिको नियन्त्रणमा सीमित हुन्छ, त्यो अन्तत: हिंसा वा दमनमा रूपान्तरण हुन्छ । यसले राजनीतिक निकास दिँदैन, जुन हामीले नेपालकै लामो राजनीतिक इतिहासमा देखेभोगेकै छौं । त्यतिधेरै पर जान पनि पर्दैन । २०७४ को निर्वाचनपछि ठूलो बहुमतसहित सत्तामा आएका केपी शर्मा ओलीको शासनकाल यसको स्पष्ट उदाहरण हो । सुरुमा जनताले उनको हरेक कदमलाई सकारात्मक रूपमा लिए । उनले जे बोले पनि लोकप्रिय भयो, जे गरे पनि समर्थन मिल्यो । तर, विस्तारै उनले संसद्को भूमिकालाई बेवास्ता गर्न थाले, अध्यादेशमार्फत शासन चलाउन थाले र संस्थागत प्रक्रियामाथि व्यक्तिगत नियन्त्रण बढाउन खोजे । सुरुमा जनताको समर्थनले यो प्रवृत्तिलाई बलियो बनायो, तर अन्तत: त्यही समर्थन विरोधमा परिणत भयो । यसको परिणाम के भयो, यही निर्वाचनमा एमालेले ल्याएको मतले स्पष्ट देखाइसकेको छ । राजनीतिशास्त्रीहरू यसलाई ‘बवयचष्तथ तथचबललथ’ को रूपमा व्याख्या गर्छन्, जहाँ बहुमतको समर्थनका आडमा लोकतान्त्रिक खम्बाहरूलाई कमजोर बनाइन्छ । बालेन शाह प्रधानमन्त्री बनेपछिको यो एक महिनामा देखिएको शैलीले पनि यस्तै संकेत दिन थालेको छ । उनको लोकप्रियता, दृढ निर्णय क्षमता र भ्रष्टाचारविरुद्धको छविले जनतालाई आकर्षित गरेको हो । तर पछिल्ला घटनाहरूले केही प्रश्न भने अवश्य उठाएका छन् । संसद्लाई प्राथमिकता नदिने प्रवृत्ति र संवेदनशील विषयहरूमा पर्याप्त परामर्श बिना लिइएका उनका निर्णयहरूले उनी आफूलाई 'सुपेरियर' ठान्छन् या उनको ढंग नपुगेको हो अझै पनि आकलन गर्न सकिएको छैन । विशेषगरी सुकुम्बासी जस्तो जटिल सामाजिक प्रश्नमा देखिएको एकतर्फी दृष्टिकोणले लोकतान्त्रिक प्रक्रियामाथि प्रश्न उठाएको छ । यस्तो विषयमा केवल कानुनी कठोरता पर्याप्त हुँदैनथ्यो, त्यसमा मानवीय संवेदना, सामाजिक न्याय र सहभागितामूलक निर्णय प्रक्रिया आवश्यक हुन्थ्यो । तर यी आधारभूत पक्षहरूलाई बेवास्ता गरिँदा त्यो केवल प्रशासनिक निर्णय भनेर बस्न सकिने अवस्था छैन । किनभने, यहाँ त्यो लोकतान्त्रिक मूल्यहरूको अवमूल्यन भएको छ । यसै पनि निरंकुशताको यात्रा साना संकेतबाट सुरु हुन्छ । जब जनताले नेतालाई प्रश्न गर्न छोड्छन्, जब आलोचनालाई अस्वीकार गरिन्छ, जब कानुनी प्रक्रिया छोट्याइन्छ र जब संस्थाहरूलाई बाधक ठानिन्छ, अनि निरंकुशताको बीउ रोपिन्छ । स्वतन्त्रता तब मात्र सुरक्षित रहन्छ जब नागरिक सतर्क हुन्छन् । जनताले 'नेताले जे गर्छ, ठिक गर्छ' भन्ने मानसिकता विकास गर्न थाले भने, त्यो लोकतन्त्रका लागि सबैभन्दा ठूलो खतरा हो । इतिहासले देखाएको छ- निरंकुशता सधैं जनताको समर्थनबाट सुरु हुन्छ, निरंकुशताले सबैभन्दा पहिले जनतालाई नै पिरोल्छ । हजार माइलको निरंकुशता एकै पाइलाबाट सुरु हुन्छ । लोकतन्त्रको अर्को पक्ष पनि छ, त्यो आत्मसुधारको क्षमता हो । नेपालमा निरंकुशता लामो समय टिक्न नसक्ने मुख्य कारण यही हो । किनभने, हामीकहाँ जनताको राजनीतिक चेतना बलियो छ । उनीहरूले राजतन्त्रको अन्त्यदेखि गणतन्त्रको स्थापना र त्यसपछि भएका आन्दोलनहरू सबै अनुभव गरेका छन् । सञ्चारमाध्यम, सामाजिक सञ्जाल र सार्वजनिक बहसले कुनै पनि निर्णयलाई तुरुन्तै परीक्षणको दायरामा ल्याउँछन् । यसले कानुनी-संस्थागत संरचनालाई बलियो बनाउँछ । संस्थागत संरचना बलियो हुँदा व्यक्तित्व केन्द्रित शक्ति सीमित हुन्छ । नेपालमा पछिल्लो समय संस्थाहरू कमजोर त पारिएको छ तर पूर्ण रूपमा समाप्त भने भएका छैनन् । यसैले कुनै पनि निरंकुश प्रवृत्ति अन्तत: चुनौतीको सामना गर्न बाध्य हुन्छ । तर, यहाँ अर्को गम्भीर प्रश्न त उठ्छ नै- के हामीले बारम्बार यही चक्र दोहोऱ्याउने हो ? पुराना दलहरूप्रति आक्रोश, नयाँ नेतृत्वप्रति आशा, त्यसपछि निराशा र फेरि अर्को विकल्पको खोजी । यदि राजनीति यही घेरामा सीमित रह्यो भने लोकतन्त्र कहिल्यै पनि परिपक्व हुँदैन । उसो त लोकतन्त्र सरकार परिवर्तन गर्ने प्रणाली मात्रै पनि त होइन । त्यो राजनीतिक संस्कार निर्माण गर्ने प्रक्रिया हो । यदि नागरिकले व्यक्तिपूजाको सट्टा संस्थालाई प्राथमिकता दिन सिकेनन् भने कुनै पनि नयाँ नेतृत्व अन्तत: पुरानै समस्यामा फस्नेछ । किनकि, स्वतन्त्रता संस्थाबाट सुरक्षित हुन्छ, व्यक्तिबाट होइन । आजको अवस्थामा नेता र जनता दुवैपक्ष जिम्मेवार बन्नुपर्ने हो । नेताले आृनो लोकप्रियतालाई व्यक्तिगत अधिकारको रूपमा होइन, सार्वजनिक जिम्मेवारीको रूपमा लिनुपर्छ । संस्थालाई कमजोर बनाउने कुनै पनि प्रयास अन्तत: आफ्नै पतनको कारण बन्नेछ भन्ने कुरा बुझ्नुपर्छ । जनताले पनि समर्थनलाई अन्ध समर्थनमा परिणत हुन दिनु हुँदैन । प्रश्न गर्ने, आलोचना गर्ने र उत्तरदायित्व माग्ने संस्कार नै लोकतन्त्रको आधार हो । यदि जनताले आफ्नो आलोचनात्मक दृष्टि गुमाए भने उनीहरू स्वयं निरंकुशताको आधार बन्छन्, निरंकुशबाट प्रताडित हुन्छन् । यसै पनि अहिले हामीसँग दुइटा बाटा छन् । व्यक्ति केन्द्रित शासनतर्फ जाने बाटो वा संस्थागत लोकतन्त्रलाई बलियो बनाउने बाटो । नयाँ नेतृत्वले संस्थागत प्रक्रिया, पारदर्शिता र सहभागितामूलक निर्णयलाई प्राथमिकता दियो भने यो परिवर्तन ऐतिहासिक उपलब्धि बन्न सक्छ । तर व्यक्तिगत निर्णय, तात्कालिक लोकप्रियता र हावादारी समर्थनमा आधारित शासनलाई निरन्तरता दिइयो भने त्यो लोकतन्त्रका लागि खतरनाक मोड हुनेछ । किनभने, लोकतन्त्रको सबैभन्दा ठूलो सुरक्षा नागरिकको चेतनामा हुन्छ । यही चेतना जोगाउन सके मात्र मुलुकले आफ्नो लोकतान्त्रिक यात्रालाई सुरक्षित राख्न सक्छ ।

*-अनलाइन खबर डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयूकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : जोशले वातावरण सुखद बनाउनेछ। अधुरा लक्ष्यहरू पूरा गर्ने ऊर्जा जाग्नेछ। | **तुला** : आर्थिक विषयमा सोचविचार आवश्यक हुनेछ।जीवनमा रंग थप्न सक्छ। |
| **वृष** : परिवारको साथले मनलाई शान्त बनाउनेछ।सही दिशामा डोर्याउनेछ। | **वृश्चिक** : योजना सफलतर्फ अघि बढ्नेछ। सम्बन्धमा विश्वासले मधुरता ल्याउनेछ। |
| **मिथुन** : विचारहरूको लहर आज केही तीव्र बन्नेछ। नयाँ योजना मनमै खेलिरहनेछ। | **धनु** : खुला आकाशझैं सोच आज फैलिनेछ।जीवनमा नयाँ पाठ सिकाउनेछ। |
| **कर्कट** : गरिएको प्रयासले परिणाम देखाउनेछ। शरीरलाई आराम दिनु पनि आवश्यक हुनेछ। | **मकर** : स्थिर प्रयासले सफलता मिल्नेछ। आर्थिक सुधारका संकेत देखिन थाल्नेछन्। |
| **सिंह** : आत्मविश्वासको प्रकाश आज झन् तेज हुनेछ। अवसर आफैं अगाडि आउनेछ। | **कुम्भ** : नयाँ सोचले नयाँ बाटो देखाउनेछ। सामाजिक क्षेत्रमा सक्रियता बढ्नेछ। |
| **कन्या** : सहकार्यमा विश्वासले सम्बन्ध मजबुत बनाउनेछ। अनुशासनले लक्ष्य नजिक पुऱ्याउनेछ। | **मीन** : आध्यात्मिक झुकावले आत्मबल बढाउनेछ। काममा स्थिरता कायम रहनेछ। |

# साहित्य दर्पण

कथा — हरिप्रसाद 'गोर्खा' राई

## बनानी वनकी सुन्दरी

लघुकथा खोज्नु कहाँ जाने ? कहिलेकाहीं मिलिटेरी सर्कलमा रम पिउँदा लघुकथा खुद जम्दा छ । त्यही लोभले म पनि श्रोतावर्गमा सामिल हुने सौभाग्य प्राप्त गर्दा सुनेको कथा हो । हामी अर्थात् यहाँ श्रोतावर्ग नै भनूँ, क्याप्टेन राजकहाँ रम पिउँदै थियौं । क्याप्टेन साहेबले हातमा रमको ग्लास लिई, किञ्चित् गुलाबी भएर भन्दै थिए, 'हाँ फ्रेन्डस् म केही कथा भन्छु - कथा शुरू हुन्छ यहाँ गोर्खाजीको प्रश्नको उत्तरमा - यहाँले मलाई सोध्नु हुँदैथ्यो कि मैले मीजो पहाडको जङ्गलमा छँदा कुनै सुन्दरीलाई मन पराएको थिएँ कि नाहीं ? लैनसेमी भन्ने एक अत्यन्त सुन्दरी केटीलाई मैले मन पराएको थिएँ । खेद छ पछि विप्लबीहरूले उनीहरूको विरुद्ध जासुसी गरी भन्ने कुरा सन्देहले गर्दा मारी पठायो । ऊ थिई निरपराधिनी, याने हाम्रो फौजी बोलीमा बेकसुर । उसको पहेंलो वर्ण, लामो चूल, हाँस्दा गालामा डल्लो परेझैं हुने – और नजाने के के गुण थियो । लैनसेमीको अर्थ थियो ठूली ' हाँ गाउँभरिमा सौन्दर्यमा उनी सबभन्दा ठूली थी । केश लामो थियो ।

म कलशीमा इनचार्ज थिएँ । लैनसेमीलाई त्यतिखेर मैले भेटेथें । मन पराएथें । उसको छोटोछोटो वाक्यहरूले मलाई प्रभावित पारेथ्यो, जस्तै राती बिदा हुने बेलामा सधैं भन्थी, "माङथ्रा" अर्थात् सुन्दर सपना देख्नुहोला । "दामता किन" (शुभरात्रि, बिदा) । अनि स्वाभाविक रूपले मैले सपनामा कहिलेकाहीं त्यो हर्दी रंगकी गोरी मीजो युवतीलाई देख्दथें - मेरो अङ्ग-प्रत्यङ्गमा नयाँ शक्ति नयाँ प्राण सञ्चारित हुँदथ्यो । अद्भुत आरण्यमा अद्भुत सुनौलो माकुरा जाल टल्किरहेझैं लाग्दथ्यो, तथा म त्यसमा बडो बेग्लै हाँसिनु जानु लागेझैं भान हुन्थ्यो । छक्क पर्थे यसको अन्त कहाँ, कसरी होला ? लैनसेमीले मलाई भन्थी, 'तपाईंको आमा-बाबु, भाइ-बैनी, मेरो पनि त बाबु-आमा भाइ-बैनी हुन् । मेटाउन लानुहोस् न ' तर मलाई पनि दार्जीलिङ हेर्न मन लागेको छ -मलाई पनि सँगै लैजाऊ ।' यसो भन्दा पनि उसलाई नलगी एक फेर म एक महीनाको लागि गएथें ।

फर्कंदा आइजलदेखि ट्रक र बसमा यात्रा गर्दै कलशी जाने त्यो गाउँमा रात बिताएर बिहानै पैदल हाम्रो क्याम्पतर्फ जानु भनी मीजो हिल्सको शीत ढाक्ने च्यादरले टाउको ढाकी, त्यो उकालो बाटो जहाँ पावर हाउसको इलेक्ट्रिक खाँबो थियो र छेवैमा इलेक्ट्रिकको के बाकस जस्तो थियो त्यसैको छेउमा उभिई सिग्रेट फुक्दै थिएँ- यो मीजो पहाडको मनोरम प्राकृतिक सौन्दर्यले गर्दा हाम्रो दार्जीलिङको हरियाली, पर्वत हिउँ कश्चनजैाको स्मृति हरियो पार्दथ्यो । यस्तो वातावरणमा मेरो सुदीर्घ केही, पातको हर्दी रङ्गकी चपला सुन्दरी बनानीलाई सम्झी भन्न लागिरथें (लेनसेमीलाई मैले बनानी भनी आदर गर्दथें ।) :- पहेंली मेरी बनानी परदेश पान्थ निवासकी नीलो पर्वत झैं लाम केशी षोडशी' म मतवाला, तिम्रो अस्पृश्य रूपको' आजु फर्की आएको छु तिम्रै दर्शन माडी तर एउटा कुरा जानी राखे है मतबाला म हैन निशारे म हैन मतवाला मदमस्त झैं भएर आउँदछन् निराश प्रेमीवर्ग आफूले मन पराएको केटी कहाँ त्यसै भनेर म पनि..... यस्तै कविताको लहर कति जाग्ने थियो जान्दिन तलतिर बाटो कसैले एक्कासि "कापू" भनी डाके झैं सुनें मिजो भाषामा कापू भनेको "महाशय" अथवा "श्रीमान्" भनेको हो । झसङ्ग भएर हेरें । यो नारी कण्ठमा श्रीमान् भनी सम्बोधन गर्ने को रहेछ ता भनी हेर्दा - देखें त्यहीं एकदमै छेवैमा रहिछ लैनसेमी उर्फ मेरी बनानी ' तर यो क्या रातो अनार झैं अनुहार बहुत दिनसम्म च्याप्टिएर कुहेको सुन्तोला कुल्यात्त परेको, कविता जगाउने दीर्घ केशको ठाउँमा चिल्लो कुभिण्डो झैं टाउको' अचम्म लाग्यो मीजो सुन्दरीको यो हाल देख्दा' सोधें, "तिमी को हो ? किन यस्तो अवस्थामा बसेकी ?" नभने पनि होला, किञ्चित् रीस, किञ्चित् गुनासो मनमा जागेकै थियो । उसले भनी, "मान्यवर, मलाई चिन्नु भएन र ? म लैनसेमी हूँ-तपाईंकै बनानी'..." तब मैले सोधें, "अरे तिम्रो यस्तो हालत कसले गरायो ? त्यसलाई म यो पिस्तौलको एकै गोलीले खतम पार्नेछु '" वर्तमान लैनसेमी अथवा जुठो बनानीले भनी, "एमनेफले (वा विप्लवी- दलले) ' तर मलाई डर लाग्दछ कि ती मेरो सतीत्वको, स्वास्थ्यको, भविष्य- नाशको, डाँकूहरूको नाउँ पोल मैलेनै हालें भनी चाल पाए मलाई, हाम्रो परिवारका जम्मैलाई जीउँदो रहनदिने छैनन् ।" मैले भनें, "बनानी, हामीलाई तिनीहरूको क्याम्प कहाँ छ बताइदेऊ हामी सिकीउरिटी फोर्स हौं ।

हामीले तिनीहरूलाई समाती कानूनको हातमा दिनेछौं - यो इलाकामा शान्ति कायम राख्न भनी भारत सर्कारले हामीलाई यहाँ ल्याएका हुन– हाम्रो चेहेरा हेर्नु ल्याएका छैनन्'" लैनसेमीले म्लान हँसी हाँसेर भनी, "त्यो त जान्दछु प्रिय तर ती डाँकूहरूले कसको घरमा कतिवेला कस्तो छद्मवेषमा आएर डाँका हाल्छन् तपाईंहरूले पो के गर्न सक्नुहुन्छ - फेरि ग्रामवासी डराउँछन्' मलाई आँखा बानेर झाइँकुटी पार्दै लग्यो- ल्याइदियो – कुन दिशा हो पत्तो छैन । विहान लगेको, रात झमक्क हुँदा पुगेथ्यौं यस्तै २०।३० मएल' रूखपातले छाएको दैलो छ, दैलोको बायाँ तर्फ अगेना छ - दाइना तर्फ बन्दुकहरू छन्, पछिल्तिर मचाङमाथि थाकका थाक गोलीका बाकसहरू छन् ।" यति भनी कलसी सकेपछि कलशी जाऊँ छिटो भनी अनि "बाटो हिंड्नु शरम लाग्छ" भन्दा मैले पट्टाएर कान छोपेको च्यादर लेनसेमीलाई दिएँ र उसले उसको नाङ्गो टाउको ढाकी (भरिया पर्खनु परेन) उसैले मेरो भारीको कुछ हिस्सा बबकी दिई, कुछ मैले हातमा लिई हाम्रो क्याम्प पुग्यौं । दिउँसोको खाना पीना खिलाई उसलाई उसको बाबु-आमा कहाँ पुऱ्याइदिएँ । एकछिन त रुवाबासी भयो – आनन्द अश्रु प्रवाहमा तिनीहरू बोलेको दुई एक शब्द बुझिन्थ्यो- "ओह तँ ता मरिस् पो होला भनी ठानेथ्यौं । कठै नानी तेरी आमा तेरो सुर्तामा मर्न आटेकी थी । जाती भयो तेरो क्याप्टेन साब भेटिस् । अच्छा तिमी दुई कुरा गर । म पछि अरू कुरा सोधुँला ।" भनी उसको आमाबाबु अगेनातर्फ लाग्यो । लैनसेमीको बयानबाट उसको त्यस हालत कसरी भएथ्यो सो यस प्रकार थियो: म दार्जीलिङ तर्फ रवाना भएको दुई दिन कि तीन दिन हुँदा एक बिहानै झुलमुलमा, विप्लवीहरूको एक टोली हात हतियार लिई लेनसेमीको घरमा आई पिस्तौल बन्दूक ताकी जबर्जस्ती लैनसेमीलाई समाती लगे घरमा बूढी आमा मात्रै थिइन्, बाबा आइजल जानु भएथ्यो'...... मेरो मुख बाँधी तान्दै निकाल्यो - आमा बूढी बिचरी पछिपछि गाउँको सीमानासम्म गई । तर डाँकुहरूले 'तँ बूढी जा' तेरो छोरी एक महीनापछि आउँछ' भनी घचेटी पठाए । आमा कराउनु खोज्दा पार्टीको नायकले बन्दूक ताकी मार्नु धम्की दिंदा आमाले कराउन बन्द गरिन् । हामी गएपछि खूब रोई होली । डाँडा काटिन्जेलसम्म मैले फर्कीफर्की आमालाई हेरी बसेकी थिएँ । आमा प्रस्तर मूर्ती झैं निश्चल उभिरहेकी नै थिइन् । गाउँको सीमाना काटेपछि दुष्टहरूले मलाई तिनीहरूको बोझ (रूकशाइट) को भारी झुण्डाइदियो तथा आँखा लुगाले नदेखिने गरी बाँधिदियो । दुई तर्फ दुई जवानले समाएर झुऐंकुटी गर्दै लग्यो ' प्राय: दुई घण्टा जति गएपछि एउटा पुल पुगिएछ- मलाई बोकेर पार गऱ्यो, निकाल्यो सबैले खाए । मलाई पनि पारीपट्टि लगेर रूकसाइट खोली खाने कुरा दिए । यसपछि मलाई लुट्यो' हात खुट्टा बुट्टामा बाँधी चित पारेर सुतायो । यन्त्रणाले छटपटाएँ । कराउनु सक्दिनथें । एक एक गर्दै सबैले पाशाबिक वृत्ति चरितार्थ गरे' त्यहाँपछि हिँडाइ शुरू भयो । मेरो अनभ्यस्त खुट्टा फुलेर हिंड्नु सकिनँ । यिनीहरूले कतै हिँडाए, कतै लाश बोकेझैं चाङ्गामा बाँधेर लग्यो' राती झमक्क पर्न लाग्दा केम्प पुग्यो - मेरो आँखाको बन्धन खोलिदियो' बाटैबाट मेरो सतीत्व हरिएकोले, वेदनाले गर्दा मलाई कामज्वरो छुट्यो । त्यस्तो हालतमा पनि मलाई पानी भर्नु जा भन्दै थियो तर हिंड्नु नसकेको देख्दा तिनीहरूले नै पानी भरी ल्यायो ' भात पकाई दिएँ बसीबसी ।

मैले केही खानु सकिनँ । ती डाकूहरूले भने, "हैं यसरी पहिलेनै हाम्रो मद्दत गरिदिएकी भए हामी यति दु:ख दिने थिएनौं'" तिनीहरूको कुरा मुताविक सबै केटीहरूले एकएक महीना विप्लबीहरूको मद्दत गर्छुँला भनी हस्ताक्षर भएको थियो रे । यस्तै प्रकारले लाठे स्वाँठहरूको पाशविक तृष्णा निवारण गर्दै, पानी भर्नु, भात पकाई खिलाउनु इत्यादि गर्दै एक महीना काटेपछि मेरो छुटकारा पाइने दिन आइपुग्यो '" "के भागेर आयौ ?" मैले सोधें । "नहीं," लेनसेमीले भनी, "तिनीहरूका दलका सर्दारले भन्यो - आजु लुगा फाटा धुनुह भोलि तिमीलाई पुर्याइदिनेछौं' जब जङ्गली साबनले (चिप्लेको बोक्रा जस्ताले) आङ मिचीमिची नुहाएँ । प्रश्न कठिन थियो । एक मनले सोचें नहीं भनेता पनि यो यौवन यो सौन्दर्यको ग्राहक कम हुने छैन । हाँ भनूँता कसरी यस्तो जुठो स्त्री हाम्री आमाकी बुहारी बनाउनु ? तर झट्टै भनेछु – "लैनसेमी' तिम्रो अपराध छैन । त्यसपछि म निस्केर आएँ ' मेरो बनानीले सतीत्व चोरिएकोले उहिले झैं नै मीठो सोरले भनी "माङथ्रा '" नजाने सुन्दर सपना देखे कि के के देखे हुन्, तर हाम्रा क्याप्टेन साहबलाई "सधैं माया रहिरहने" लाई धन्यवाद नदिई सकिएन किनकि उनको प्रेयसी जुठो भए पनि ऊ थिई निरपराधिनी' कथा सुन्ने हामी सबैले अन्तिम डोज लिई रमको ग्लास उचाली फेरि एक एक फेर क्याप्टेन साहबलाई "चियर्स" ठोकायौं' ।

*-साहित्यपोस्ट डटकम*

तीर्थयात्रा स्मरण — जगन्नाथ पन्त

## बा को डायरी !

हामी सनातनी हिन्दूधर्म मान्नेहरु जीवनमा एक पटक भए पनि प्राय: भारतका धामहरुमा तीर्थ गर्न जाने चलन छ । २०५५ साल पौष २२ गते देखि २०५५ सालको फागुन २ गते सम्म बुवा आमाले पनि तीनधाम सहितका ४२ दिने लामो तीर्थयात्रा गर्नु भएको रहेछ । तर अहिले बुवा हामीसँग हुनुहुन्न । उहाँ बह्मालिन हुनुभएको ४५ दिनपछि बुवाको सानो डायरी फेला पारे । आमासँग उतिबेलाको तीर्थयात्रा बारे जिज्ञासा राख्दा डायरीमा भएका विवरणसँग मेलखाने स्मरण ५० प्रतिशत जति मुखाकार सुनाउनु भयो । त्यो डायरीमा बुवा आमाले तीर्थयात्रा गर्दाको समयमा कहिले कहाँ कहाँ के-के दर्शन गरियो भन्ने संक्षिप्त टिपोट गर्नु भएको रहेछ । उसो त ब्रद्रि , केदार अलि पहिले नै जानु भएको रहेछ । व्यक्तिगत विषय भए पनि बुवाको सम्झनामा बुवा आमाको तीर्थयात्रा डायरी सार्वजनिक गर्न मन लागेर आयो । यो डायरी पढ्दा तत् तत् ठाउँका बारेमा जान नसकेकाहरुका लागि थोरै भए पनि जानकारी मिल्ने ठानेर सार्वजनिक गर्ने जमर्को गरेको छु । अबको विषय डायरीबाट जस्ताको तस्तै । "२०५५ साल पौष २२ गते बुधबार बिहान ७ बजे हर्दिनेटा गाविस वाड नं.३ धरम्पानी रानीपोखरा निवासी म थानेश्वर पन्थ पत्नीसहित तिनधाम तीर्थ जान, गंगा नदी, सागर स्नान ईत्यादि गर्न , दान धर्म गर्नको लागि घरबाट साईत पाइला गरियो । तीर्थ जाने साथीहरु भक्तिराम काृलेका माईला छोरा कुलानन्द काृले र निजकी श्रीमती, मैनडांडाका पाण्डे माइला र निजकी जहान, मैनडांडाकै टंकनाथ उपाध्यका जोडी, रुन्जाकोटका पोष्टराज पौड्याल ,गैरावारीकी हुंगेल्नी भाउजु समेत । बस रिजर्भ गरि लैजाने ल्याउने ठेकेदार मैनडाँडाका कान्छा पाण्डे ढुण्डिराज पाण्डेलाई एक जनाको नेपाली रु ७२०० शुरुमै तिरियो । श्रृङ्गा खिर्रे देउरालीबाट बसमा चढियो। श्रृङ्गाबाट रिडी तानसेन बुटवल हुँदै कृष्णनगर पुगियो । दाङबाट आई मिसिएका १८ जना समेत गरी ५४ जना भई पौष २२ गते राती १० बजे कृष्णनगरबाट बड्नी, प्रसवानी, कनक भवन हनुमानगडी युपि प्रान्त हुँदै २३ गते बिहान अयोध्यापुरी पुगियो । सरयू गंगा स्नान गरी अयोध्यापुरी वाल्मिकी रामायण भवन, सीताराम, लक्ष्मणको दर्शन, लवकुश, वाल्मिकी ऋषीको दर्शन गरियो । पौष २४ गते इलाहवाद हुँदै प्रयाग क्षेत्रमा पुगियो । गंगा जमुना सरस्वतीको संगम प्रयागराजमा स्नान गरियो । अक्ष्ययवटको दर्शन गरियो । पौष २५ गते बिहान काशी भागीरथी मनिकर्णिका घाटमा स्नान गरि तर्पण, पीण्डदान, दान गरियो । सङ्कटमोचन हनुमान र ५ पाण्डव मुर्ति दर्शन पनि गरियो । काला भैरवको दर्शन , विश्वनाथ ज्योतिर्लिङ्को दर्शन पनि भयो । २५ गते वनारसमा नै बसियो । २६ गते त्यहाँदेखि प्रस्थान गरियो । बोधगया दर्शन गरि साँझ गयामा बाँस भयो । २७ गते बिहान फल्गु नदी स्नान गरि फल्गु गयामा बिष्णु पादुकामा तर्पण ,पीण्डदान गरियो । फल्गु नदी तरी पारी सीता पादुका दर्शन भयो । त्यस पछि त्यंही धर्मशालामा बाँस बसियो । राती नै ४ बजे बसमा बसी २८ गते दिउँसो पिशाचेश्वर कुण्ड पुगि कुण्ड स्नान गरियो । बैध्यनाथ धाममा रावणले तपस्या गरी शिवज्योतिर्लिङ् लंका लैजान उठाएकोमा पिशावले अत्याउदा भूमिमा राखि पिशाव गरिसके पछि उठाउन नसकि छोडेर गएको शिवज्योतिर्लिङ् दर्शन गरियो । त्यस पछि बासुकी नाग दर्शन, पञ्चमुखी हनुमानको दर्शन भयो । पौष २९ गते वङ्गाल कलकत्ता पुगि भागिरथी सागर स्नान गरि कालीमाईको दर्शन गरि कलकत्ता शिविरमा बांस भयो । पौष ३० गते नाम खानामा बस रोकी पैदल यात्रा गर्दै लाइनमा उभिइ वडो कष्टसाथ जहाजमा बसियो । जहाज बाट उत्री १ जनाको भारु ५० जहाज भाडा लाग्यो । पारी बस भाडा १ जनाको भारु १६ तिरियो र गंगा सागर दर्शन गरियो । त्यस दिन गंगा सागरमा बास भयो । माघ १ गते संक्रान्तिको दिन गंगा सागर स्नान गरि श्रीकपिल मुनी कपिल भगवानको दर्शन, ईन्द्रदेव, घोडा देवताको दर्शन ईत्यादि गरि त्यहाँदेखि प्रस्थान भै मोटर भाडा १ जनाको २४ तिरियो र जहाज चढियो । जहाज भाडा तिरि जहाजबाट उत्री मोटर चढ्नु पऱ्यो । मोटर भाडा १ जनाको २४ तिरीयो र नाम खाना आइयो । सांझ ५ बजे प्रस्थान भै रातारात बङ्गाल खाडी हुँदै माघ २ गते उडिसा पुगियो । सुवर्ण गंगामा स्नान गरियो । खानपान भयो र त्यहाँदेखि प्रस्थान गरि माघ ३ गते वैतर्णी नदी गंगा स्नान दान ईत्यादि गरि भुवनेर्श्वरको दर्शन गरियो । माघ ३ गते जगन्नाथ धाम धर्मशालामा बाँस भयो । साँझै श्रीजगन्नाथ भगवानको र श्रीवलभद्रको र श्रीसुभद्रादेवीको जगन्नाथपुरीको आरती दर्शन गरियो । साँझ प्रसाद लियो । माघ ४ गते बिहानै उर्लेका रमाइला भेल सागरमा स्नान गरि जगन्नाथ देवालय जगन्नाथको र साक्ष्यात झै परमात्माको दर्शन गरियो र त्यही धर्मशालामा बाँस भयो । ४ गते पनि बिहान सागर स्नान गरि जगन्नाथ जी र साक्षी गोपाल भगवानजीको दर्शन गरि हिडियो र ६ गते आन्द्र प्रदेश हुँदै ७ गते गोदावरी नदी स्नान गरि साँझ बालाज्यूको धर्मशालामा बाँस भयो । व्यङ्लोर अस्पतालमा विरामी परेकाको उपचार भयो । माघ ८ गते श्रीपञ्चमीका दिन तिरुपती भगवानकै बस चढी १ जनाको आवतजावत भारु ३० तिरी तिरुपती बैकुण्ठ श्रीभगवान बिष्णुले स्वयम् स्नान गर्ने ८ कोणे पोखरीमा स्नान गरियो । पितलै पितलको वार समाइ कोठाको लागि लाइन लागियो । कोठा नखुलेकाले ३ घण्टा सम्म सिटमा बसि स्याउ ,सुन्तला , चियापान गर्दै रमणीय भिडियो हेरियो । बल्ल कोठा खुल्यो र लाइनमा बसि श्री बैकुण्ठधाम, श्रीबैकुण्ठनाथ तिरुपती नाम गरिएका भगवान विष्णुले दर्शन दिनुभयो र नेत्र दर्शन गरियो । श्री बैकुण्ठ धाम सुनै सुन, हिरामणी ज्वाहरले झलझलापुरी अर्को कोठा मन्दिरमा कङ्कण, किङ्किणी, हिरामणी ज्वाहर पहिरेकी श्री महालक्ष्मीमाताले दर्शन दिनु भयो । प्रख्यात तिरुपती बालाज्यूको तल धर्मशालामा आई भोजन गरि बास गरियो । माघ ९ गते तामिलनाडु ठूलो ४ कोणे १० सिडि भएको पोखरीमा स्नान गरि शिवकाञ्चि, विष्णुकाञ्चीपुरी हरिहर भगवानको दर्शन पाइ प्रस्थान गरि कैलाश जाने बाटोमा बस अढाई ३५० सिडी चढी गौतम ऋषीको तपस्यादेखि प्रशन्न भई प्रकट हुनु भएका शिवसाक्छी नामले प्रख्यात अग्लो चुचुरोमा रहनु भएका त्र्यम्बकैर्श्वर ज्योतिर्लिङ शंकर भगवानको दर्शन गरियो । माघ १० गते कावेरी गंगा स्नान गरि सुन चांदिले बनेको १० तले गेट भएको रङ्गनाथ शेषशैया बिष्णु भगवानको दर्शन गरियो । ११ गते रामज्यूले लंका पुगि रावणादी राक्षस संहार गर्न सकु भनि सेतु वाधनको लागि ॐ रामेश्वरको तपस्या गरि प्रकट भएका ॐ रामेश्वर ज्योतिर्लिङ्गको दर्शन गरियो । सागर र २२ कुण्ड स्नान पनि गरियो । शिवजीले मोहनीरुप बिष्णुको दर्शन पाउदा कामउत्तेजना भई स्खलन भएको शिव तेज विर्य सप्त ऋषीले देखि अञ्जनी कुमारको कानमा राखिदिदा अञ्जनी कुमारको कानवाट पैदा भएका हनुमानको पनि रामेश्वरमा दर्शन भयो । १२ गते प्रस्थान गरि १३ गते कन्याकुमारी भगवतीको दर्शन गरियो । १४ गते फूलैफूलको वासनादार ८ कोणे पोखरीमा स्नान गरि ११ तले पत्थरै पत्थरले बनेको मीनाक्षीमाईको आरती सहित दर्शन अहो भाग्यले पाइयो । १५ गते मद्रासलाई छोड्दै १६ गते महाराष्ट्र हुँदै १७ गते पूर्णिमाका दिन गोदावरी गंगा स्नान गरी कालाराम सेतारामको दर्शन पश्चात पञ्चवटिमा पुगि लक्ष्मण रेखा र सीता हरण स्थान हेरियो । त्यहाँदेखि प्रस्थान गरि लेखै लेख हेर्दै पहरा पहरा हुँदै भ्रमण गरि बृक्ष मुनि बास भयो । १८ गते बास बसेको ठाउँबाट हिडि वम्वई सहर पुगियो । पानी ट्याङ्कीको माथि जमिन गराई बनाएको फूलबारी हेरियो । महालक्ष्मी भगवतीको दर्शन गरियो । अनेक किसिमको वम्वई सहर अलिअलि हेरि १९ गते फिर्ता भई २० गते गुजरात हुँदै सोमनाथ पुगि सागर र त्रिवेणी स्नान गरि पत्थरै पत्थरको ११ तले शिवशंकर सोमनाथ ज्योतिर्लिङ्गको दर्शन भयो । ११ तले पत्थरै पत्थरले बनेको सुन र चाँदीको बिष्णु मन्दिर लक्ष्मीनारायणको दर्शन भयो । मुरलीधर राधाकृष्ण मन्दिरमा राधाकृष्ण भगवानको दर्शन पाइयो । कृष्ण पादुकामा व्याधाको वाण लागि कृष्ण आृनो धाम फर्कनु भएको स्थान पनि दर्शन भयो । त्रिवेणी गंगा किनारमा यदु वंशी आपसमा लडि मोक्ष गएको स्थान पनि दर्शन भयो । शंकराचार्य दर्शन पनि भयो । २२ गते भुवनेश्वर प्रस्थान गरि सागर स्नान, बौध्दावतार, सिद्धेश्वर महादेव, सूर्यनारायण मन्दिर दर्शन गरियो । ११ तले पश्तरले बनेको मन्दिरमा श्रीभुवनेश्वर ज्योतिर्लिङ्ग, पित्तलको ठूलो बसाह दर्शन गरियो । २३ गते सागरकुण्ड स्नान गरि मुलद्वारका पुगि राधाकृष्ण, सीताराम, शिवशक्ति पार्बती सहित र गणेशको, वागेश्वरी भगवतीको दर्शन गरि द्वारकामा बास गरियो । २४ गते गौमती गंगा सागर स्नान गरि रुक्मिणी, त्र्यैलोकेश्वर ज्योतिर्लिङ्ग शिवशंकर, द्वारकाधिश मन्दिर तथा द्वारका राधाकृष्ण भगवानको दर्शन गरि धर्मशालामा बास गरि सांझ कृष्ण परमात्माको आरती दर्शन गरियो । २५ गते सिन्धु गंगा स्नान गरि जहाजमा बसि सागरका माझमा भेटद्वारकामा मुख्य मन्दिर शंङ्गोधर कृष्णमुरारी र सुदामा कृष्णभेट कनिका पाहुर ईत्यादि दर्शन गरियो । पश्चात पुस्करमा गई बास बसियो । पुस्करमा बिहान ठूलो पोखरीमा स्नान गरि चतुर्मुखी ब्रहाजीको दर्शन गरियो । बह्माजीको मन्दिर पुस्करमा मात्र छ , अन्यत्र छैन रे । राजस्थानको राजपुर सहरबाट अढाइ घण्टामा पुस्कर पुग्न सकिन्छ । शिव दर्शन मन्दिर भित्र गई तिन तला मुनि गुप्तेश्वर ज्योतिर्लिङ्ग दर्शन भयो । साय कालमा धेरै अग्लो चुचुरोमा साबित्री र सरस्वतीको अनि अर्को चुचुरोमा गायत्री माताको दर्शन गरियो । २७ गते बिहान बृन्दावनमा पण्डाका साथमा गई यमुना गंगामा स्नान, दान गरियो । शाखा तिरुपती १२ मनको अग्लो सुनको ध्वजा पताखा, ५ मन सुनको सुवर्णेश्वर महादेवको शिवलिङ्गमा ५ मुरी चामल र ५० लिरटर दुध चढ्ने तिन हजार भक्त जनले कीर्तन, भगवानको स्तुति गर्ने ग्वाला ग्वालिनीहरुको भोजन हुने ईत्यादि दर्शन गरियो । हा हा हा गर्दै हास्दै खुसी हुँदै बाकेविहारी भगवानको पाउमा परि दर्शन गरियो । २७ गते नै गोकुलमा गै गोकुलका ग्वाला ग्वालिनले बिक्रि गर्ने ध्यू, कुराउनी, दहि किनी राधा कृष्णमा चढाई दर्शन गरि दहि, कुराउनी भोजन गरियो । २७ गते साँझ नै मथुरामा रमणिय मुरलीमनोहर राधा कृष्णको दर्शन, झाँकी पनि हेरियो । २७ गते राता रात हिडि आग्रामा आई गेडमा बास भयो । २८ गते आग्रा हेरि दिनभरि वजार गरियो । साझ प्रस्थान गरि युपि नैविसारण्य क्षेत्रमा बिहान पोखरीमा स्नान गरि ॐकारेश्वर ज्योतिर्लिङ,गणेशजीको मन्दिर, शाखा बद्रिनाथ, शाखा जगन्नाथ दर्शन, गोमति स्नान, शंकर हनुमान लक्ष्मीनारायण दर्शन पनि गरियो । २९ गते नानपारा हुँदै फर्कि दाङ तिरका साथीहरुसँग विदा भई माघ ३० गते साँझ रिडीमा बास बसियो । फागुन १ गते रिडीमै बसी कालिगण्डकी स्नान फषीकेश दर्शन गरियो । २ गते बिहान महाशिवरात्री गण्डकी नुहाई साझमा आ-आफ्ना गृहमा पुगियो ।

# रामपुरका युवाहरुलाई सिपमूलक तालिम



**पाल्पा,** वैशाख १८/जिल्लाको रामपुर नगरपालिकाले युवाहरुका लागि सिपमूलक तालिम सञ्चालन गरेको छ । उसले यहाँका युवाहरुलाई स्वरोजगारसँगै आत्मनिर्भर बनाउने उद्देश्यका साथ सिपमूलक तालिम सञ्चालन गरेको हो ।

नगरपालिकाले बेरोजगार तथा सिप सिक्न चहाने युवाहरुका लागि एसिस्टेन्ट बारवार र इलेक्ट्रोनिक्स मर्मत तालिम दिन थालेको छ । यो ३ सय ९० घण्टे तालिम हो । तालिम लिन चहाने युवाहरुको निवेदनको आधारमा छनौट गरी ४० जना युवाहरुलाई तालिम दिन थालिएको नगरपालिकाले जनाएको छ । तालिमको रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापाले एक औपचारिक कार्यक्रमकाबिच शुभारम्भ गरेका हुन् । उनले युवाहरुलाई स्वरोजगारसँगै आत्मनिर्भर बनाउनका लागि तालिम सञ्चालन गरिएको बताए । नगर प्रमुख थापाले दक्ष जनशक्तिको उत्पादनसँगै स्थानीयस्तर तथा स्वदेशमै रोजगारी सिर्जना गर्ने उद्देश्यले सिप सिकाईएको उल्लेख गरे । थापाले दक्ष जनशक्तिको अभावमा अन्य स्थानबाट आएका व्यक्तिहरुले व्यवसाय गरे पनि स्थानीयस्तरमा जनशक्ति भए पनि दक्षताको कमीका कारण व्यवसाय गर्न नसक्ने अवस्थालाई मध्येनजर गर्दै बारवार र इलेक्ट्रोनिक्स तालिम सञ्चालन गरिएको बताए । नगर प्रमुख थापाले विभिन्न समयमा युवा लक्षित सिप विकास सम्बन्धी तालिम सञ्चालन गरे पनि तालिम पश्चात सिकेका सिपको सदुपयोग नगरेको पाइएकोले ध्यानपूर्वक तालिममा सिप सिकेर व्यवसाय गर्न आग्रह समेत गरे । साथै व्यवसाय प्रवर्द्धनका लागि नगरपालिकाले व्याज अनुदान कार्यक्रम संशोधन गरेर सहयोग गर्ने प्रतिबद्धता समेत व्यक्त गरे । कार्यक्रममा रामपुर नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत चेमन प्रकाश पोखरेलले आफुमा भएको सिपको माध्यमबाट व्यवासय बने सफलता पाउने भन्दै लगनशिलताका साथ सिप सिक्न आग्रह गरे । उनले स्वादेश होस् वा विदेश जुनसुकै क्षेत्रमा स्वरोजगार बन्नका लागि यस्ता प्राविधिक सिपले सहज हुने बताए । कार्यक्रममा रामपुर नगरपालिकाका रोजगार संयोजक गणेश प्रसाद रेग्मीले आवश्यकताको आधारमा तालिममा छनौट गरिएकाले व्यवसाय गर्न सक्ने गरी सिप सिक्नु पर्नेमा जोड दिए । लुम्बिनी पोलिटेक्निक इन्ष्टिच्युट प्रालिका निर्देशक अरुण अर्यालले दक्ष बनाई आत्मनिर्भर बन्नका लागि तालिम महत्वपूर्ण हुने बताए । तालिम रामपुर नगरपालिकाको आयोजना र लुम्बिनी पोलिटेक्निक इन्ष्टिच्युट तथा आइडियल इन्जिनिरिङ सर्भिसेस प्रालिको प्राविधिक सहयोगमा सञ्चालन गरिएको हो । रामपुर नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत चेमन प्रकाश पोखरेलको अध्यक्षाता, रोजगार शाखा प्रमुख गणेश प्रसाद रेग्मीको स्वागत, लुम्बिनी पोलिटेक्निक इन्ष्टिच्युट प्रालिका प्रबन्ध निर्देशक अरुण अर्यालको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

### नेपाल उपाधि होडबाट बाहिरियो



**काठमाडौं,** वैशाख १८/आईसीसी महिला टी-२० च्यालेन्ज ट्रफी क्रिकेटको उपाधि होडबाट नेपाल बाहिरिएको छ । शुक्रबार भएको खेलमा अमेरिकाले इटालीलाई हराएसँगै नेपाल उपाधि होडबाट बाहिरिएको हो । अमेरिकाले एक खेलअघि नै उपाधि पक्का गरेको छ । अमेरिका ७ खेलमा १२ अङ्कसहित तालिकाको शीर्ष स्थानमा छ । इटाली ७ खेलमा ६ अङ्कसहित चौथो स्थानमा छ । प्रतियोगितामा अहिले नेपाल र भानुआतुबीचको खेल चलिरहेको छ । नेपाल ६ खेलमा ६ अङ्कसहित तालिकाको तेस्रो स्थानमा छ । भानुआतु ७ खेलमा २ अङ्कसहित पुछारमा छ । अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) ले पहिलो पटक आयोजना गरेको प्रतियोगितामा आयोजक रुवान्डासहित नेपाल, अमेरिका, इटाली र भानुआतु सहभागी छन् ।

## अर्थ/कर्पोरेट समाचार

### सुनको भाउ तोलामा ३ हजार ४ सय रुपैयाँले बढ्यो



**पाल्पा,** वैशाख १८/शुक्रबार सुनचाँदीको भाउ बढेको छ । तीन दिन लगातार घटेको सुनको भाउ शुक्रबार तोलामा ३ हजार ४०० रुपैयाँले बढेको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासैका अनुसार शुक्रबार सुनको भाउ बढेर तोलाको दुई लाख ९६ हजार १०० रुपैयाँमा कारोबार भइरहेको छ । बिहीबार सुनको भाउ तोलाको दुई लाख ९२ हजार ७०० रुपैयाँ रहेको थियो । त्यस्तै चाँदी शुक्रबार तोलामा १३५ रुपैयाँले बढेको छ । चाँदी शुक्रबार तोलामा चार हजार ९४५ रुपैयाँमा कारोबार भइरहेको छ । बिहीबार चाँदी तोलाको चार हजार ८१० रुपैयाँ रहेको थियो ।

## तानसेनमा निकालियो...

...मन्दिर स्थापना भएको केही वर्षसम्म रथ निकाल्ने परम्परा रहे पनि लामो समय यता निकालिएको थिएन् । वडाबाट केही बजेट विनियोजन थालेपछि भने अहिले रथयात्राले निरन्तरता पाएको प्रतिष्ठानले जनाएको छ । रथयात्रा प्रसिद्ध महर्षि माण्डव्य ऋषिको योगदानको सम्मानमा निकाल्ने गरिएको वडा अध्यक्ष राजेश कुमार अर्यालले बताए । उनले रथयात्रा निकालिसकेपछि सामाजिक सञ्जालमा लेख्दै भनेका छन् "माण्डव्य ऋषिको तपोभूमि, साधनाभूमि र शास्त्रार्थस्थका रूपमा परिचित यस क्षेत्रको प्रचारप्रसार गर्नुका साथै स्थानीय धार्मिक पर्यटनलाई प्रवर्द्धन गर्नु यसको उद्देश्य रहेको छ ।" यहाँको मन्दिर पुर्ननिर्माणका लागि पूर्व मन्त्री तथा स्थानीय सोमप्रसाद पाण्डेले संघीय सरकारमार्फत बजेट विनियोजन गरेका थिए । ऋषि कै नामबाट नामाकरण गरिएको माडीफाँटको किनार दमकडामा मन्दिर स्थापना गरिएको छ । तपस्या र साधनायुक्त ठानिने माण्डव्य ऋषिको यहाँ मन्दिर स्थापना गरिएको स्थानीय पत्रकार प्रकाश नेपालले बताए । धार्मिक शास्त्रमा ऋषिको व्यख्या अनुरुप महत्व र महिमा ठूलो भए पनि प्रचार-प्रसारको कमीले गर्दा ओझेलमा परेको उनको भनाई छ । यो क्षेत्र प्राचीनकालदेखि नै माण्डव्य ऋषिको तपस्या स्थलका रूपमा चिनिँदै आएको छ । पद्म पुराणमा उल्लेख भए अनुरुप माडीफाँट आसपासदेखि सत्यवतीसम्म माण्डव्य ऋषिको प्रसंग जोडिने गर्दछ । माण्डव्य ऋषिले साधनाको क्षेत्रमा मात्र नभई आर्युर्वेदीक चिकित्सा क्षेत्रमा समेत उत्तिकै दख्खल राखेको पाइन्छ । माण्डव्य ऋषिको नेपाल सरकारले केही समय अगाडि हुलाक टिकट प्रकाशनमा ल्याएको थियो ।

## मनाइयो बुद्धजयन्ती...

...विहान १० बजे देखी दिउँसो १ बजे सम्म १ हजार ५ सय भन्दा बढी बालबालिकाहरुले दान पाएका छन् । बैशाख पूर्णिमाको दिनलाई भगवान गौतम बुद्धको जन्मजयन्ती, महामरिनिर्माण र बोधी ज्ञान प्राप्त भएको त्रि संयोगको पवित्रा दिन मानिन्छ । यो कार्यक्रमले बालबालिकाहरुमा बौद्ध शिक्षाको उत्प्रेरणा जगाउने छ । बुद्धजयन्तीको अवसरमा तानसेनमा रहेका विभिन्न विहारबाट विभिन्न किसिमका एक हप्ते कार्यक्रमहरु सञ्चालन गरिएको बुद्धजयन्ती मुल समारोह समितिका संयोजक मदनलाल बज्राचार्यले बताए । तानसेनमा बुद्धजयन्तीको अवसरमा महाचैत्य विहार टक्सारबाट बुद्ध रथयात्रा निकाली तानसेनको परिक्रममा गरिएको थियो । सोही दिन शान्तिका अग्रदुत भगवान बुद्धको स्मरण गर्दै शान्तीको कामना गरिएको छ । संसारभर विभिन्न किसमका द्वन्द्धहरु बढ्दै जादा बुद्धका शान्ती अर्ति उपदेशहरु शान्दर्भिक बन्दै गएका छन् ।

## रोल्पा जिप...

...उनको बायाँ खुट्टा, निधार र आँखामा चोट लागेको अस्पतालले जनाएको छ । दुर्गम भेग, निरन्तर वर्षा र कमजोर सञ्चार सञ्जाल, कच्ची सड्कलगायत कारण उद्धार कार्यमा कठिनाइ भएको रोल्पा प्रहरीले बताइएको छ । घटना भएको खबरलगत्तै नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, जनप्रतिनिधि र स्थानीयवासीको बिहीबार उद्धारमा जुटेका हुन् । उनीहरूले अबेररातिसम्म उद्धार कार्यमा लागे पनि बिहीबार उद्धार कार्य नसकिएपछि शुक्रबार बिहानैदेखि सुरक्षाकर्मी र स्थानीयवासीको सहभागितामा उद्धार कार्य सम्पन्न गरिएको हो । मृतकको शव सडकसम्म ल्याउन निकै कठिनाइ भएको सुरक्षा अधिकारीले जनाएका छन् । प्रहरीको प्रारम्भिक अनुसन्धानअनुसार कच्ची तथा चिप्लो सडक, लगातारको वर्षा र क्षमताभन्दा बढी यात्रु बोकेका कारण जीप अनियन्त्रित भई दुर्घटना भएको अनुमान गरिएको छ । मृतक सबै वैशाख पूर्णिमाको अवसरमा शुक्रबार जलजलामा लाग्ने बराह पूजामा सहभागी हुन जान लागका तीर्थयात्री हुन् । *-रासस*

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत
डस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

श्रमको सम्मान गरौं, श्रमिकको अधिकार सुनिश्चित गरौं।
-सुरक्षित र मर्यादित कार्यस्थल सुनिश्चित गरौं,
-न्यूनतम् ज्याला तथा सुविधा समयमै प्रदान गरौं,
-बाल श्रम, जबर्जस्ती श्रमलगायतका सबै प्रकारका श्रम विभेदको अन्त्य गरौं,
-कार्यस्थलमा स्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गरौं,
-श्रमिकहरूलाई सामाजिक सुरक्षा र बीमामा समावेश गराऔं,
-महिला तथा पुरुष श्रमिकबीच समान अवसर र समान पारिश्रमिक सुनिश्चित गरौं,
-श्रमिकको सीप विकास र क्षमता अभिवृद्धिमा जोड दिऔं,
-श्रम ऐन तथा नियमहरूको पालना गरौं,
-श्रमिक र रोजगारदाताबीच सहकार्य र समन्वय बढाऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्राई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्राई